नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति : २०८२/१२/०८

ने.सं. ११४६, चौलाथ्व, आइतबार

## सूचना

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्दा सेवाग्राहीहरूले अनलाईन आवेदन (Online Pre-enrollment) फाराम भर्दा भोग्नुपर्ने समस्यालाई सम्बोधन गरी यसमा लाग्ने समय, झन्झट र लागतको न्यूनीकरण गर्न हाल सञ्चालनमा रहेको केन्द्रीकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली (CCIMS) र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) बीच सेवा अन्तरआवद्धता भएको छ। मिति २०८२।१२।०८ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट आजै नागरिकताको प्रमाणपत्र प्राप्त गरेका सोही जिल्ला निवासी दुई नागरिकलाई Online Pre-enrollment फाराम नभरी उल्लेखित नागरिकता प्रणालीसँगको अन्तरआवद्धताबाट प्राप्त विवरण दर्ता गरी माननीय गृह मन्त्री श्री ओमप्रकाश अर्यालज्यूबाट यस सेवाको शुभारम्भ भयो। मिति २०८२।१२।०८ देखि जारी भएका नागरिकता प्राप्त गरेका नागरिकहरूले काठमाडौं उपत्यकासँगै बाग्मती प्रदेशका जिल्लाहरू एवम् क्रमशः सबै जिल्लाका जिल्ला/इलाका प्रशासन कार्यालयहरूबाट Online Pre-enrollment फाराम नभरीकन राष्ट्रिय परिचयपत्रको जैविक (Biometric) विवरण दर्ता गराउन सक्नेछन्। उल्लेखित मितिभन्दा अघि नागरिकता प्राप्त गरेका नागरिकहरूको हकमा अनलाईन आवेदन (Online Pre-enrollment) फाराम भरेर सेवा प्राप्त गर्न सक्ने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८२/१२/०८
(तुलसी प्रसाद दाहाल)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np